# कृषिमा लगानी दशक सफलताको लागि सार्वजनिक नीजि सहकारीको साझेदारी सम्बन्धी कार्यपत्र

**प्रस्तुतीः मुक्तिनाथ कृषि कम्पनी लि.**

**प्रस्तुती मितिः २०८१ भाद्र १४ गते**

**सारसंक्षेपः**

नेपालको भुगोल, हावापानी, उत्पादन क्षेत्र तथा उत्पादनको आकार, जैविक विविधता लगायतका स्थानीय सम्भावनाहरु, बढ्दो जलवायु परिवर्तन, देशको अर्थतन्त्रमा कृषि र सम्बन्धित क्षेत्रको योगदान, कृषि क्षेत्रका वर्तमान चुनौतीहरु, आयातको अवस्था र मानव जीवनको लागि अपरिहार्य क्षेत्रमा उत्पादन, बजारीकरण र उपभोगसम्मको समग्र मूल्य श्रृंखला व्यवस्थापनको लागि वृहत्तर रुपमा सरकारी, नीजि क्षेत्रका संस्थागत कम्पनीहरु, गैरसरकारी संघसंस्थाहरु, कृषि तथा बहुउद्देश्यीय सहकारीहरु, बैंक तथा वित्तीय संस्थाहरु, बिमा कम्पनीहरु र उद्योगहरुको सहकार्यमा कृषि चक्रको निर्माण गर्न सकेको अवस्थामा देशको अर्थतन्त्रको दिगो विकास र विस्तारमा टेवा पुग्न सक्दछ। नेपाल सरकारले घोषणा गरेको कृषिमा लगानी दशकलाई सफल गराउन नीतिगत सुधार गर्दै उत्पादन, उद्योग र बजारीकरणमा सम्भावित लगानीका क्षेत्रहरु तोकी नीजि क्षेत्र, सहकारी र बाह्य लगानी आकर्षित गर्दै सरकारले आधारभुत कृषि संरचनाहरुको विकासमा लगानी गर्नुपर्दछ। यसका विभिन्न आधारहरु र पक्षहरुको बारेमा यो कार्यपत्रमा प्रस्तुत गरिएको छ।

**प्रमुख शब्दावलीहरुः** स्थानीय विविधता, जलवायु परिवर्तन, उत्पादन, उद्योग, बजारीकरण, उपभोग, लगानी, नीजि क्षेत्र, सहकारी, गैरसरकारी संस्था, संस्थागत कम्पनी, मूल्य श्रृंखला, कृषि चक्र र दिगो अर्थतन्त्र।

## १. पृष्ठभूमिः

नेपालको कुल क्षेत्रफलको करिव २३ प्रतिशत भूभाग तराई, ४२ प्रतिशत पहाड र ३५ प्रतिशत हिमाली क्षेत्रले समेटेको छ भने करिव २१ प्रतिशत क्षेत्रफलमा मात्रै खेती गरिएको छ। ७ प्रतिशत जमिन खेतीयोग्य भएर पनि खेती गरिएको छैन। कुल जनसंख्याको ६०% भन्दा धेरै जनसंख्या कृषिमा संलग्न रहेको भएतापनि अधिकाश जनसंख्या व्यवसायमुखी भन्दा निर्वाहमुखी रुपमा आवद्ध रहेका छन्। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करीव २४.१२ % रहेको छ। (कृषि तथा पशुपन्छी विकास मन्त्रालय २०७९/०८०).

नेपालले कृषि उत्पादन र उत्पादनकत्व वृद्धिको लागि हावापानी, भुगोल र अन्य विविध आधारमा पर्याप्त सम्भावना रहेको भएतापनि त्यसअनुरुप पर्याप्त प्रतिफल लिन सकिरहेको अवस्था छैन। यसको प्रमुख कारणहरुमा अपर्याप्त कृषि विकास र अनुसन्धानका कार्य तथा सेवाहरू, कृषि कर्जामा कमजोर तथा पूर्वनिर्धारित पहुँच, समयमा गुणस्तरीय बिउ, मल, किटनाशक, औजार उपकरणहरुको उपलब्धतामा कठिनाई, बजारको माग अनुसारको उत्पादन प्रणालीको विकासमा अभाव, कृषकहरुको उत्पादनलाई खरीद सुनश्चितता गर्ने संरचनाको अभाव, युवाहरुको पलायन, संस्थागत मूल्य श्रृंखला व्यवस्थापन प्रणालीको अभाव, नीतिगत अपर्याप्तता लगायतका रहेका छन्। बढ्दो खाद्यान्नको मागलाई पूर्ति गर्नको लागि कृषि उत्पादन क्षेत्रको विस्तार र उत्पादकत्व वृद्धि नै आजको प्रमुख आवश्यकता हो। विभिन्न बाधाहरूको बाबजुद पनि नेपालमा कृषि क्षेत्रको दिगो विकास गर्ने प्रशस्त अवसरहरू छन्। सरकारले कृषि क्षेत्रको विकासका लागि कृषि विकास रणनीति लगायतका दर्जनौ नीतिगत दस्तावेजहरू पनि तयार गरेको छ, जसको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि क्षेत्रको भए पनि योगदानको प्रतिशत भने घट्दो क्रममा छ। सन् १९७५ मा नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ६५ प्रतिशत थियो। तर, पछिल्लो समय समग्र कृषि अर्थतन्त्रको आकार बढ्दै गएको भएतापनि सेवा, व्यापार लगायतका क्षेत्रहरुको उल्लेख्य विस्तार र तुलनात्मक रुपमा विकासको कारण कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ। नेपालको जनसंख्याको बनोटलाई हेर्ने हो भने ४८.८७ प्रतिशत पुरुषहरु र ५१.१३ प्रतिशत महिलाहरु रहेका छन जसमध्ये ५३.६१ प्रतिशत तराई, ४०.३१ प्रतिशत पहाड र ६.०८ प्रतिशत हिमाली क्षेत्रमा बसोबास गर्दछन। यसले जनताहरु पहाडी र हिमाली क्षेत्रबाट तराइको फाँटहरुमा बसाई सर्दै गएको देखाउँछ। आर्थिक रुपमा सक्रिय जनसंख्यालाई हेर्दा, ५७.३ प्रतिशत कृषि र सम्बन्धित क्षेत्रमा संग्लग्न रहेको देखिन्छ। यसरी जनसंख्याको बनावटको हिसावमा हेर्दा शहर र तराइको क्षेत्रबाट दुर्गम, ग्रामीण र पहाडी क्षेत्रमा जनसंख्यालाई आकर्षण गरि अर्थतन्त्रलाई चलायमान गराउनु आजको आवश्यकता हो।

त्यस्तै नीजि क्षेत्रले कृषि क्षेत्रमा गर्ने लगानी, सरकारी तथा अन्य क्षेत्रले संरचनाहरुको विकासमा गर्ने लगानीमा प्रत्यक्ष रुपमा निर्भर रहन्छ । पछिल्लो समय बाटोघाटो, बिजुली, संचार लगायतका संरचना तथा सेवाहरुको विकास र विस्तारमा उल्लेख्य प्रगति भएको छ । जसको कारण विभिन्न प्रकारका कृषि यान्त्रिकरण तथा अन्य प्रविधिहरुको विस्तारमा सहजता उत्पन्न भएको छ । साथै कृषि उपजहरुको भण्डारको लागि भण्डारण केन्द्रहरु, सिंचाई आयोजनाहरुको विकास र विस्तार भइरहेको भएतापनि आयोजनाको समयमा नै समापन तथा त्यसको उचित व्यवस्थापन र प्रयोग हुन सकेको छैन । कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि उपभोक्ताहरुलाई गुणस्तरीय खाद्यान्न प्रवर्द्धनको लागि औद्योगिक विकास र संस्थागत बजार केन्द्रहरुको स्थापना अपरिहार्य हुन्छ, तर त्यस्ता संरचनाहरुको विकासमा खासै प्रगति भएको छैन । त्यस्तै हाम्रो जस्तो भौगोलिक, जलवायु, सांस्कृतिक लगायतका विविधता बोकेको देशमा उपभोक्ताहरुको उपभोग गर्ने शैलीमा पनि व्यापक विविधता रहेको छ भने बजार सुचना प्रणालीको विकासको आवश्यकता र विद्युतीय कारोबारको माग पनि बढ्दै गइरहेको देखिन्छ । तर बढ्दो जलवायु परिवर्तन, कृषि उत्पादनको लागत वृद्धि, गुणस्तरीय उत्पादनका साधनहरुको अभाव, अपर्याप्त प्राविधि प्रसार लगायतका कारण सोचेअनुसारको उत्पादन र उत्पादकत्व तथा उपभोक्ताहरुको आयस्तर उल्लेख्य रुपमा बढ्न नसक्दा, गुणस्तरीय खाद्यान्नको उपभोगबाट लाखौं बालबालिकाहरु बन्चित भएका छन्, जसले कुपोषण, पुड्कोपना लगायतका समस्याबाट गुज्रिरहेका छन भने अर्कोतर्फ अस्वस्थ तथा अनुपयुक्त तरिकाको उपभोगको कारण सुगर, प्रेसर, क्यान्सर जस्ता स्वास्थ्य समस्याहरु दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

## २. कृषि क्षेत्रका अवसरहरु:

नेपालको कृषि क्षेत्रमा उत्पादन, उत्पादकत्व वृद्धि, कृषि संरचनाहरुको विकास, आपूर्ति तथा मूल्य अभिवृद्धि श्रृंखला र वितरणमा समस्याहरु देखिएको भएतापनि विभिन्न तथ्यहरुको आधारमा कृषि क्षेत्रको दिगो विकासका सम्भावनाहरु रहेका छन । जसको कारण कृषि र यसको मूल्य श्रृंखला विकासमा पर्याप्त सम्भावनाहरु रहेका छन भन्ने देखाँउदछ ।

(क) देशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रले मुख्य हिस्सा ओगटेको छ ।

(ख) ७५३ स्थानीय सरकार र मातहतका वडाहरु मार्फत आर्थिक सामाजिक रुपान्तरणको लागि कार्यहरु भइरहेको छ ।

(ग) ३१ हजार भन्दा बढी सहकारीहरुमा ७३ लाख भन्दा धेरैको सहभागिता रहेको छ भने करीव ५ खर्ब बराबरको वित्त परिचालन गरेको छ ।

(घ) कृषि व्यवसायको प्रवर्द्धनमा नेपाल सरकार, विकास साझेदारहरु र नीजि क्षेत्रको सहभागिता र लगानी बढ्दै गएको छ ।

(ङ) सडक संजाल, सिंचाई, बजार केन्द्रहरु, विद्युत, इन्टरनेट, वित्तीय पहुँचको दर बढ्दै गएको छ ।

(च) कुखुरा, माछा, दुध लगायतको उत्पादन, आपूर्ति र मुल्य अभिवृद्धिको क्षेत्रमा आत्मनिर्भरताको बाटोमा अगाडी बढेको छ ।

(छ) डिजिटल प्रविधिको प्रयोग र युवाहरुको पेशा प्रतिको चासो बढ्दै गएको छ ।

(ज) मूल्य अभिवृद्धि गरिएका खाद्य वस्तुहरुको नेपाली बजारमा माग बढ्दै गइरहेको छ ।

(झ) बजार केन्द्रित क्षेत्रहरुमा कृषि पर्यटनको लागि एग्रो रिसोर्टहरुको स्थापना भई रैथाने खाद्य वस्तुहरुको माग बढ्दै गइरहेको छ ।

(ञ) खेतियोग्य तर बाँझो रहेको १० लाख हेक्टर भन्दा धेरै क्षेत्रफलमा पोषणयुक्त रैथाने खाद्यवस्तु तथा जडीबुटीहरुको खेती गर्ने प्रचुर सम्भावना रहेको छ ।

(ट) नेपालको छिमेकी देश भारतको विहार र उत्तर प्रदेशको ४० करोड जनसंख्या र मध्य एशियाको देशहरुमा ठुलो मात्रामा तुलनात्मक लाभका उत्पादनहरुको निर्यात गर्ने सम्भावना रहेको छ ।

## ३. कृषिको लगानीमा सरकारको प्राथमिकताः

नेपाल सरकारले वि.सं. २१०० सम्म "समृद्ध नेपाल, सुखि नेपालीको" राष्ट्रिय लक्ष हाँसिल गर्ने दिर्घकालीन सोच तयार गरेको छ, जसमा उच्च र दिगो उत्पादन र उत्पादकत्व वृद्धिलाई समृद्धिको आधारको रुपमा व्याख्या गरिएको छ । त्यस्तै, सार्वजनिक नीजि र सहकारीको साझेदारीमा वि.स. २०८३ सम्म अति कम विकसित मुलुकबाट विकासशिल मुलुकमा रुपान्तरण गर्ने लक्ष राखेको छ भने वि.सं. २०८७ सम्म दिगो विकास लक्ष हाँसिल गर्दै मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने लक्ष राखेको छ । नेपाल सरकारले सन् २०१५ देखि सन् २०३५ सम्म २० वर्षे कृषि विकास रणनीतिको कार्यान्वयन गरेको छ । उक्त रणनीतिक योजनाले **आत्मनिर्भरता, दिगोपना, प्रतिस्पर्धी क्षमताको विकास र समावेशिता**को सिद्धान्तलाई अवलम्बन गरेको छ, जसले कृषि क्षेत्रमा लगानी विस्तार गर्न नीजि क्षेत्रको उपस्थितिलाई व्यवस्थित गर्नमा जोड दिएको छ ।

राष्ट्रिय योजना आयोगले वि.सं. २०१३ साल देखि कार्यान्वयन गरेको पञ्चवर्षीय योजनाहरुमा कृषि क्षेत्रलाई समग्र विकासका योजना निर्माणमा प्राथमिकताका साथ अगाडी बढाएको पाइन्छ । १५ औ योजनाको अन्त्यसम्म आइपुग्दा कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा योगदान घट्दै गएको भएतापनि उत्पादनमुलक उद्योगको योगदान बढन् सकेको छैन । योजना अवधिमा कृषिको २२.३ र उद्योगको ६.५ प्रतिशत कायम गर्ने लक्ष लिइएको भएतापनि क्रमश २४.१ र ४.९ प्रतिशत रहेको छ ।

आ.व. २०८१/०८२ देखि कार्यान्वयनमा आएको साह्रौ पञ्चवर्षीय योजनाले रुपान्तरणकारी रणनीतिको रुपमा देहायबमोजिमका रणनीतिहरु अवलम्बन गर्ने विभिन्न कार्यक्रमहरुको योजना बनाएको छ ।

| | |
|---|---|
| **अर्थतन्त्रको प्रमुख क्षेत्रहरुको सुदृढीकरण गर्ने** | राजस्व प्रणालीको सुदृढीकरण गर्ने, |
| **उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने** | सार्वजनिक क्षेत्रको पूँजीगत लगानीको उत्पादनकत्व वृद्धि गर्ने |

| | |
|---|---|
| उपभोग बचत तथा पूँजी निर्माण गर्ने | सार्वजनिक ऋणको विवेकशिल उपयोग गर्ने |
| **सहकारी क्षेत्रको सुदृढीकरण गर्ने** | **निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमा प्राथमिकता दिने तथा शोधान्तर व्यवस्थापन गर्ने ।** |
| **उत्पादन र रोगगारी सिर्जना लक्षित मौद्रिक तथा वित्तीय श्रोत परिचालन गर्ने,** | सार्वजनिक क्षेत्रको कार्यकुशलता सुदृढीकरण गर्ने |
| **स्वदेशी तथा विदेशी पूजीँ र प्रविधिको उपयोग गर्ने,** | अनौपचारीक तथा अलेखांकित अर्थतन्त्रको औपचारीकरण गर्ने |
| **उत्पादनमुलक उद्योगको विकास र संरक्षण गर्ने,** | प्रभावकारी अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने |
| स्वच्छ, प्रतिस्पर्धी एवम् पारदर्शी आपूर्ति प्रणालीको विकास गर्ने, | **नीजि तथा गैरसरकारी क्षेत्र सुदृढीकरण गर्ने,** |

वि.सं. २००७ मा प्रजातन्त्र प्राप्ति पछि नेपालमा औपचारीक रुपमा वार्षिक बजेट निर्माण गर्न शुरु भएको थियो जसको आकार ५.२५ करोड रहेको थियो । त्यसपछि अपवाद बाहेक हरेक वर्ष सरकारले वार्षिक बजेट घोषणा गरिरहेको छ । आ.व. २०८१/०८२ सम्म आइपुग्दा बजेटको आकार १८.६० खर्व पुगेको छ, जसमध्ये कृषि तथा पशुपन्छी मन्त्रालयको लागि छुट्याइएको कुल बजेट ५७.२९ अर्व रहेको छ । त्यस्तै, सिंचाई मन्त्रालय लगायतका अन्य मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकारको बजेटलाई कृषि मूल्य श्रृंखलामा एकिकृत गर्दा खर्बौ रकम हुन आँउछ । त्यस्तै, नेपाल सरकारले वि.स. २०७३ सालदेखि पहिलो १० वर्षको लागि गौरवको आयोजनाको रुपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको शुरुवात गरेको छ, जसले स्थानिय सम्भावनाको आधारमा पकेट, ब्लक, जोन र सुपरजोनमा वर्गीकरण गरि व्यवसायिक उत्पादनको अभियान संचालन गरेको छ । यो परियोजना मार्फत नीजि क्षेत्रलाई उत्पादन र उद्योगमा लगानी गर्नको लागि मार्गहरु निर्माण गरिरहेको छ ।

आ.व. २०८१/०८२ मा नेपाल सरकारले कृषिमा लगानी दशक घोषणा गरि सार्वजनिक नीजि सहकारी र विकास साझेदारहरुको सहकार्यमा कृषिमा बढी भन्दा बढी लगानी आकर्षित गर्ने लक्ष राखेको छ ।

त्यस्तै, नेपाल सरकारले, बैंक तथा वित्तीय संस्थाहरु मार्फत कृषि क्षेत्रमा कम्तीमा १५ प्रतिशत कर्जा विस्तार गर्नको लागि नेपाल राष्ट्र बैंक मार्फत निर्देशनहरु जारी गरेको छ । आ.व. २०८१ असार मसान्त सम्म बैंक तथा वित्तीय संस्थाहरु मार्फत कृषि, बन र मत्स्य क्षेत्रमा भएको लगानी करीव ३.८० खर्ब रहेको तथ्याँकहरुले देखाँउछ, जुन कुल ५१.७० खर्वको ७.३५ प्रतिशत वा प्रवाह गर्नुपर्ने १५ प्रतिशतको आधा भन्दा कम हो ।

बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र मत्स्य जस्तो उत्पादनमुलक क्षेत्रमा तोकिएको जति कर्जा प्रवाह गर्न नसक्नुको कारण उल्लेखित क्षेत्रमा कर्जा जोखिम हुन्छ भन्ने बुझाई रहेको पाइन्छ । यसको कारणहरु खोज्दै जाँदा, किसान वा उद्यमीले उत्पादन गरेको उपजहरुको खरीद सुनिश्चितता (Buyback Gurantee) गरि बजार सुनिश्चित गर्ने संस्थागत संरचनाहरुको विकास नभएको कारणले हो भन्ने सजिलै आँकलन गर्न सकिन्छ । यदि बैंक तथा वित्तीय संस्थाहरुले गरेको कर्जा प्रवाह कम जोखिममा छ भन्ने संस्थागत आधारहरु निर्माण गर्न सकेको खण्डमा सजिलै कर्जाहरु प्रवाह हुन सक्दछ । बैंक तथा

वित्तीय संस्थाहरुले कम्तीमा १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा लगानी गर्ने वातावरण श्रृजना भएमा केही वर्ष भित्र नै करीव १० खर्व कर्जा प्रवाह हुन सक्दछ ।

## ४. सार्वजनिक नीजि सहकारी र गैरसरकारी क्षेत्रको अवस्था:

### क. सरकारका नीतिगत प्राथमिकताहरुः

नेपालको संविधान २०७२ को धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ र कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनि उल्लेख भएको छ। त्यस्तै धारा ४२ मा प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ भनिएको छ । साथै संविधानको धारा ५१ (घ) मा उद्योग, बाणिज्य तथा अर्थ सम्बन्धि नीतिहरुमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने विषयहरु उल्लेख भएको छ भने सोहि धाराको (ङ) मा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने विषयहरु उल्लेख भएको छ ।

नेपालको संविधान जारी भइसकेपश्चात पनि कृषि क्षेत्रसंग सम्बन्धित केही ऐनहरु निर्माण भएका छन् । जस्तै, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ जारी भएको छ भने कृषिको एकिकृत विकास सम्बन्धी विधेयक पारीत हुने अवस्थामा छ। नेपालको संविधान २०७२ जारी हुनुभन्दा पहिला र त्यसपश्चात विभिन्न समयमा सरकारले दर्जनौ कृषि क्षेत्रसंग सम्बन्धित नीतिहरु तर्जुमा गरेको छ, जसअन्तरगत राष्ट्रिय बीउ बिजन नीति २०५६, पन्छीपालन नीति २०६८, जैविक प्रविधि नीति २०६३, जलवायु परिवर्तन नीति २०६७, कृषि यान्त्रिकरण प्रवर्द्धन नीति २०७१, पुष्प प्रवर्द्धन नीति २०६९, राष्ट्रिय चिया नीति २०५७, सार्वजनिक नीजि साझेदारी नीति २०७२, भु उपयोग नीति २०७२, दुग्ध विकास नीति २०६४, मौरी प्रवर्द्धन नीति २०७३, राष्ट्रिय कफी नीति २०६०, राष्ट्रिय मल नीति २०५८, सिंचाई नीति २०७०, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सीप विकास सम्बन्धी नीति २०६४, वन नीति २०७१, औद्योगिक नीति २०६७, विज्ञान तथा प्रविधि नीति २०६१, राष्ट्रिय जलश्रोत नीति २०७७, विकास सहायता नीति २०७१, जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति २०६१ पर्दछन । यतिमात्र हैन सरकारले कृषि क्षेत्रको समग्र विकासको लागि कृषि क्षेत्र योजना (सन् १९९५ देखि २०१५) कार्यान्वयन भएको थियो भने त्यसको सिकाईको आधारमा २० वर्षे कृषि विकास रणनीति (सन् २०१५ देखि २०३५) कार्यान्वयनमा रहेको छ । त्यस्तै सरकारले पञ्वर्षीय योजनाहरु र वार्षिक नीति तथा कार्याक्रमहरुमा पनि कृषि क्षेत्रलाई प्राथमिकिरण गरेको देखिन्छ। वि.सं. २०२१ सालमा नै भुमिसुधार ऐन जारी भएको भएतापनि, जग्गाहरुको खण्डिकरण

भएको कारण व्यवसायिक कृषिको लागि पर्याप्त जग्गाहरु उपलब्ध हुन सकेको छैन । त्यस्तै, नेपाल सरकारले कृषि क्षेत्रसंग सम्बन्धित २० भन्दा बढी ऐनहरु लागु गरेको छ। कतिपय ऐनहरु जारी भएतापनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैनन । उदाहरणको लागि मासु जाँच तथा बधशाला संचालन ऐन २०५५ सालमा नै जारी भएको भएता पनि शुरु भएका परियोजनाहरुमा पनि उक्त ऐन कार्यान्वयन हुन सकेको छैन ।

त्यस्तै, देश संघीय संरचनामा गइसकेपश्चात, विशेष गरि प्रदेश र स्थानीय सरकारहरुको यो अवधिसम्मको मूख्य प्राथमिकता कृषि क्षेत्रको विकास र विस्तारमा भन्दा स्थानीय पूर्वाधारहरुको विकासमा नै खर्च भएको पाइन्छ भने भएका प्रयासहरुमा पनि प्रायजसो अनुदान वितरण गर्नेमा ध्यान गएको देखिन्छ ।

## ख. कृषि उत्पादनको अवस्थाः

आ.व. २०७९/८० को तथ्याँक अनुसार, नेपालमाबाली उत्पादनको क्षेत्र हेर्दा सवैभन्दा धेरै १४.७७ लाख हेक्टरमा धानको खेती भएको पाइन्छ भने, दोश्रोमा मकै ९.८५ लाख हेक्टर र तेश्रोमा गहुँ ७.१६ लाख हेक्टरमा खेती भएको छ । जसको उत्पादन क्रमश ५१.३० लाख मे.ट., ३१.०६ लाख मे.ट. र २१.४५ लाख मे.ट. रहेको छ । त्यस्तै, फलफुल १.२९ लाख हेक्टरमा र तरकारी २.९० लाख हेक्टरबाट क्रमशः १४.१७ लाख मे.ट. र ४१.५३ लाख मे.ट. उत्पादन भइरहेको छ । साथै दुध, मासु र अण्डाको उत्पादन क्रमशः २५.६६ लाख मे.ट., ५.१२ लाख मे.ट. र १३.३० करोड गोटा रहेको छ ।

मुख्य कृषि उपजहरुको जम्मा कृषिको ग्राहस्थ उत्पादनमा देहायबमोजिमको योगदान रहेको देखिन्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| धान | १३.६० | दुध | ११.२३ | **जम्मा बाली** | **६५.९६** |
| तरकारी | १३.४३ | भैसींको मासु | ४.२३ | **जम्मा पशुजन्य** | **२४.०१** |
| मकै | ७.६० | खसिबोकाको मासु | ३.१९ | **जम्मा वन पैदावार** | **८.५१** |
| आलु | ६.३४ | अन्य पशुजन्य | ५.३६ | **जम्मा मत्स्य** | **१.५०** |
| गहुँ | ५.६७ | | | | |
| अन्य बाली | १९.३२ | | | **कुल जम्मा** | **१०० प्रतिशत (२४.२ प्रतिशतको)** |

देश संघीय संरचनामा गइसकेपश्चात संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निकायहरु, प्रादेशिक मन्त्रालयहरु तथा मातहतका निकायहरु र स्थानीय तहहरुमा कृषि शाखाहरु नै स्थापना गरि सेवा प्रवाह भइरहँदा पनि केहि तरकारीजन्य बालीहरु र कुखुरा लगायतका पशुपन्छीहरुको उत्पादन र उत्पादकत्व वृद्धि बाहेक समग्रमा मुख्य अन्नबाली, दलहन बाली, तेलहन बाली, फलफुल इत्यादिमा उल्लेख्य सुधार हुन सकेको देखिँदैन भने कृषि उत्पादनमा पर्याप्त मात्रमा युवाहरुलाई आकर्षण हुन सकेको अवस्था छैन, जसले घरायसी व्यवसायको रुपमा रहेको कृषि उत्पादनको पुस्तान्तरणमा ठुलो समस्या सिर्जना हुदै गएको छ। अर्कोतर्फ उपभोक्ताको माग बमोजिमको उत्पादन प्रणाली र मूल्य अभिवृद्धि

हुन नसक्दा खर्बौं रकम बराबरको खाद्य वस्तुहरु भारत लगायतका अन्य मुलुकबाट आयात भइरहेको छ ।

त्यस्तै, कृषि उत्पादन र उत्पादकत्व वृद्धिको लागि आवश्यक मल, सिंचाई, विषादी, भ्याक्सिन, बीउबिजन, औजारउपकरण इत्यादीको सहज, सुलभ र गुणस्तरीय उपलब्धता र संस्थागत वितरणमा समस्याहरु देखिरहेका छन् । कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कम्पनी लि.ले नियमित खरीद प्रकृयाबाट रासायनिक मल आयात गरिरहेको भएतापनि समयमा नै उपलब्धता र वितरणमा उत्तारचढाब आइरहेको देखिन्छ । प्रभावकारी रुपमा यसको व्यवस्थापन र वैकल्पिक श्रोतमा काम हुन सकेको छैन । नेपालमा सतह सिंचाइको उपलब्धता ४० प्रतिशत खेतियोग्य जमिनमा मात्र भएको छ भने पहाडी हिमाली क्षेत्रहरुमा साना सिंचाई आयोजना विकासको ठुलो माग रहेको छ । त्यस्तै, रैथाने बीउबिजनको संरक्षण र नेपालमा नै हाइब्रिड बीउका जातहरुको विकास गरि व्यवसायिकरण गर्नेमा खासै ध्यान पुग्न सकेको छैन । मेशिनरी तथा औजारउपकरणहरुको उपलब्धता बढ्दै भएको भएतापनि गुणस्तर, बिक्री पश्चातको सेवा (मर्मतसम्हार) को अवस्थामा ठुलो सुधार गर्नुपर्ने छ । साथै, सरकारी क्षेत्रबाट पर्याप्त मात्रामा कृषकहरुलाई आवश्यक प्रसार र परामर्श सेवाहरु उपलब्ध हुन नसकिरहेको अवस्थामा नीजि क्षेत्रमार्फत प्रसार र आवश्यक भौतिक र डिजिटल परामर्श सेवा उपलब्धताको विषयमा पर्याप्त ध्यान पुगेको छैन ।

पछिल्लो समय बढ्दै गएको जलवायु परिवर्तनको कारण बालीको उत्पादन तालिका र उत्पादनको लागि आवश्यक वातावरणीय अनुकुलताका क्षेत्रहरु परिवर्तन हुँदै गएका छन् । जसको उचित समाधानको लागि जलवायु अनुकुल प्रविधिहरुको अनुसन्धान, विकास र प्रसारमा ठूलो मात्रामा लगानी गरेको अवस्थामा मात्रै उत्पादन तथा उत्पादनकत्व वृद्धि र हाल भइरहेको उत्पादनलाई कायम गर्न सकिन्छ ।

### ग. कृषि तथा वन पैदावारमा आधारीत उद्योगको अवस्था:


उद्योग विभागको तथ्याँक हेर्दा, आ.व. २०७९/८० मा मात्रै १.५२ अर्व लगानी गर्ने गरि ९ वटा कृषि वनमा आधारीत उद्योगहरु स्थापना भएको देखाउँछ, जसले ५५६ जनालाई प्रत्यक्ष रोजगारीको समेत सिर्जना गरेको तथ्याँक छ । तथ्याँकलाई हेर्दा धरैजसो उद्योगहरुको पशुको दाना उत्पादनमा छन भने २ वटा उद्योग मासुको प्रशोधनको लागि स्थापना भएका छन । त्यस्तै उत्पादनमुलक उद्योगको वर्गीकरणमा स्थापना भएका ११४ वटा उद्योगहरुमा पनि २० प्रतिशत भन्दा बढी उद्योगहरुको खाद्यजन्य वस्तुको प्रशोधनमा केन्द्रित भएको तथ्याँक देखिन्छ । सोही आ.व. मा जम्मा ३२२ वटा उद्योगहरु दर्ता हुँदा कृषि र वन पैदावारमा आधारीत उद्योग २.७९ प्रतिशत मात्र देखिन्छ, उत्पादनमुलक उद्योगमा दर्ता भई खाद्यान्न उत्पादनमा कार्य गर्ने उद्योगहरुलाई जोड्ने हो भने पनि १० प्रतिशत भन्दा कम हुन आँउछ ।

तलको तालिकाले आ.व. आ.व. २०७९/८० सम्म स्थापना भएको उद्योगहरुको विवरणलाई देखाइएको छ ।

| CATEGORY | NO. OF INDUSTRY | TOTAL CAPITAL *(Rs. in million)* | FIXED CAPITAL *(Rs. in million)* | WORKING CAPITAL *(Rs. in million)* | NO. OF EMPLOYMENT |
|---|---|---|---|---|---|
| AGRO AND FORESTRY BASED (कृषि तथा वन पैदावारमा आधारित) | 530 | 40,902.67 | 34,048.50 | 6,972.18 | 39,988 |
| CONSTRUCTION (पूर्वाधार) | 66 | 54,072.66 | 51,276.01 | 2,796.65 | 4,285 |
| ENERGY BASED (उर्जामूलक) | 546 | 1,641,176.14 | 1,610,970.59 | 30,205.55 | 41,299 |
| Information Technology (सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित) | 109 | 8,839.82 | 7,084.59 | 1,755.23 | 6,746 |
| MANUFACTURING (उत्पादनमूलक) | 3,393 | 617,345.81 | 463,804.85 | 154,011.46 | 358,221 |
| MINERAL (खनिज) | 76 | 8,031.80 | 6,647.25 | 1,386.65 | 7,560 |
| SERVICE (सेवामूलक) | 2,376 | 241,062.36 | 139,541.40 | 101,566.96 | 139,015 |
| TOURISM (पर्यटनमूलक) | 1,989 | 226,093.20 | 206,931.76 | 19,153.24 | 83,213 |
| **TOTAL** | **9,085** | **2,837,524.46** | **2,520,304.94** | **317,847.92** | **680,327** |

श्रोतः उद्योग विभाग (Industrial Statistics 2079/080)

उल्लेखित तथ्याँक अनुसार, हालसम्म जम्मा दर्ता भएका ९,०८५ उद्योगहरुमा कृषि र वन पैदावारमा आधारीत उद्योगहरु ६ प्रतिशत भन्दा कम रहेको छ, जुन कुल ग्राहस्थ उत्पादनमा कृषि र वन क्षेत्रको तथ्याँकसंग मिल्न आँउदैन । त्यस्तै, मूख्य निर्यातजन्य वस्तुको रुपमा रहेको पाम तेल र सोयाविन तेलको कच्चा पद्धार्थ आयातको तथ्याँकमा पनि मूख्य १० वस्तुहरुमा रहँदा, हाल संचालन भइरहेका उद्योगहरुमा आवश्यक कच्चा पद्धार्थको श्रोतको सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिन्छ । त्यस्तै, कृषि तथा वनमा आधारीत लघु, घरेलु तथा साना उद्योगहरुको संख्या करीव २ लाख रहेको तथ्याँकले देखाँउछ ।




(श्रोतः उद्योग विभागः लघु, घरेलु तथा साना उद्योग तथ्याँक)

त्यस्तै, नेपाल सरकार अन्तरगत, दुग्ध विकास संस्थान मार्फत कृषकहरुले उत्पादन गरेको दुधलाई खरीद गरि विभिन्न औद्योगिक वस्तुहरुको उत्पादन भई उपभोक्ता स्तरमा विक्री वितरण भइरहेको छ ।

### घ. कृषि बजार र उपभोगको अवस्थाः

वि.सं. २०४३ सालमा, काठमाण्डौ उपत्यका वरीपरिका किसानहरुले उत्पादन गरेका कृषि उपजहरुलाई विक्री वितरण गर्ने उद्देश्यले स्थापना भएको कालिमाटी तरकारी तथा फलफुल बजार अहिले थोक तरकारी र फलफुल बजार गर्ने सबैभन्दा ठुलो बजारको रुपमा स्थापना भएको छ । काठमाण्डौ उपत्यकाको जनसंख्या र उपभोक्ताहरुको माग र आवश्यकतामा विविधीकरण हुँदै जाँदा यो बजारमा स्वदेश तथा विदेशमा उत्पादन भएका कृषि उपजहरुको वर्षभरी उपलब्ध हुने थलोको रुपमा विकास भएको छ । तर यसको स्थापनाको उद्देश्य र हाल भइरहेको बजारीकरणको नमुना हेर्दा, नेपाली उत्पादनहरुको खरीद सुनिश्चितता गर्ने पर्ने मोडालिटीको विकास भएको छैन । त्यस्तै, ताजा तरकारी, फलफुल र अन्य अपजहरुको विक्रीको लागि नेपाल सरकारको कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका २०७३ बमोजिम ११ वटा बजारहरु देशमा विभिन्न भागमा संचालन भइरहेका छन् भने विभिन्न नीजि क्षेत्रहरुको लगानीमा करीव ३० वटा बजारहरु देशभर संचालन भइरहेका छन । त्यस्तै, ६०० भन्दा धेरै संकलन केन्द्र, १०५० भन्दा धेरै हाट बजारहरु र १६० भन्दा बढी खुद्रा बजारहरु संचालनमा भएतापनि ती बजार केन्द्रहरुको संचालन र व्यवस्थापन प्रभावकारी रुपमा हुन सकेको देखिदैन ।

ताजा कृषि उपज बाहेक, अन्नबाली, दलहन लगायतका अन्य उपजहरुको हकमा थोक बजारीकरणको लागि विशेष संरचनाहरुको विकास भएको छैन । नेपाल सरकारले, खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी स्थापना गरेको भएतापनि चाडबाड लक्षित सहुलियत बजार संचालन र केही उपजहरुको बजारीकरणमा कार्यहरु गरेको भएतापनि उल्लेख्य छैन । त्यस्तै, नीजि क्षेत्रबाट पनि, सानो स्तरमा केही प्रयासहरु भएतापनि कृषकहरुले गरेको उत्पादनको खरीद सुनिश्चितता गरि त्यसलाई संस्थागत रुपमा थोक तथा खुद्रा बजार मार्फत विक्री गर्ने ठुलो योजना आइसकेको छैन । संस्थागत भएका केही मार्टका चेनहरु मार्फत खाद्यान्नलाई मात्र विशिष्टिकरण गरेर भन्दा पनि दैनिक उपभोग्य अन्य वस्तुहरुलाई समावेश गरि सुपरमार्केट, मार्ट इत्यादीको विकास भइरहेको छ ।

नेपालको आन्तरीक बजारमा करीव ३ खर्वको खाद्यजन्य वस्तुहरुको आयातको परिदृष्यले नेपालको बजार सम्भावनालाई प्रष्ट रुपमा इंकित गर्दछ । त्यस्तै, नेपालसंग जोडिएका उत्तर प्रदेश र विहारको करीव ४० करोड जनसंख्यालाई लक्षित गरि उद्योगको स्थापना र बजारीकरण गर्न सकेको खण्डमा नेपालमा र नेपालबाट ठुलो बजार विस्तारको सम्भावना रहेको देखाउँदछ । यतिमात्र नभई, बढ्दो जलवायु परिवर्तन, विभिन्न देशहरुले प्राथमिकताको साथ राखेको पर्यटन क्षेत्रको विकास, मान्छेको खाद्यान्न छनोटमा भएको विविधीकरण र सन् २०५० सम्म विश्वको जनसंख्या ९.७ अर्व पुग्ने प्रक्षेपण भएको छ, जसको सकारात्मक प्रभावको रुपमा नेपाल जस्तो हावापानी, माटो, भुगोलको विविधता भएको मुलुकबाट निर्यातको ठुलो सम्भावना हुन सक्दछ ।

### ङ. सहकारी क्षेत्रको अवस्थाः

७१ वर्षको इतिहास बोकेको सहकारी क्षेत्रलाई नेपालको संविधान २०७२ ले समाजवाद उन्मुख अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रुपमा लिएको छ । वि.स. २०१० सालमा सहकारी विभागको स्थापना र २०११ सालमा नेपाल सहकारी समिति ऐन जारी भए पश्चात सहकारीको विकास र विस्तार शुरु भएको हो भने २०४८ सालमा जारी भएको सहकारी ऐनले सहकारी संस्थाहरुको संख्यात्मक वृद्धिमा उल्लेख्य भूमिका निर्वाह भयो । पछिल्लो तथ्याँक बमोजिम गाँउदेखि शहरसम्म ३१,३७३ सहकारी संस्थाहरु रहेका छन जसमध्ये करीव ५० प्रतिशत बचत तथा ऋण सहकारीहरु र बाँकि बहुउद्देश्यिय र कृषि सहकारीहरु मार्फत ७३,८१,२१८ सदस्यहरु आवद्ध भएका छन भने ९३ अजार भन्दा  बढिले रोजगारी पाएका छन् । ९४ अर्व १५ करोड शेयर पूँजि रहेको सहकारीहरु मार्फत ४ खर्व ७८ अर्व ३ करोड बचत परिचालन र ४ खर्व २६ अर्व ३५ करोड लगानी प्रवाह भएको क्षेत्रमा सदस्यहरुको प्रमुख पेशाको रुपमा रहेको कृषि व्यवसायको विकासमा प्रभावकारी ढंगले परिचालन हुन सकिरहेका छैनन् ।

सहकारीको मूल मर्म अनुसार संस्थामा आवद्व सदस्यहरुको साझा समस्या समाधान गर्ने, समग्र सदस्यहरुको हितमा कार्य गर्ने, उत्पादनशील क्षेत्रमा लगानी गर्दै उत्पादन र उत्पादकत्व वृद्वी गर्न सकिने प्रचुर सम्भावनाहरु रहेको हुँदा सहकारीहरुले बैंक तथा वित्तीय संस्थामा जस्तो बचत र ऋणमा मात्र व्यवसायलाई सिमित गर्नु हुँदैन । तसर्थ कृषि उत्पादनका सामग्रीहरु र कृषि उपजहरु विक्रि पश्चात प्राप्त हुने मुनाफाको हकदार स्वयम सहकारीकै सेयर सदस्यहरु हुने हुँदा सहकारीलाई उत्पादन तथा उत्पादकत्व वृद्धि र बजारीकरणसंग जोड्न सकेको खण्डमा दिगो रुपमा स्थानिय कृषि व्यवसायको प्रवर्द्धन हुन सक्दछ ।

### च. नीजि क्षेत्रको अवस्थाः

आज समग्र देशको अर्थतन्त्रलाई हेर्ने हो करीव ८२ प्रतिशत भन्दा धेरै योगदान नीजि क्षेत्रको रहेको पाइन्छ भने कुल अन्तिम उपभोग खर्चको ९१.३ प्रतिशत नीजि क्षेत्रको योगदान रहेको छ । देशको अर्थतन्त्रमा प्रमुख हिस्सा ओगटेको कृषि क्षेत्रमा, नीजि क्षेत्रले कृषिको मुल्य श्रृंखलाको विकास र विस्तार लगानी गर्नुपर्दथ्यो, त्यो पर्याप्त हुन सकिरहेको छैन । बैंक तथा वित्तिय संस्थाहरु, विमा कम्पनीहरु, जलविधिुत लगायतका अन्य उत्पादन क्षेत्र, होटल व्यवसाय लगायतका सेवा क्षेत्रमा जुन परिणाममा लगानी भएको छ, कृषि क्षेत्रमा अत्यन्त कम भएको छ, अझ संस्थागत लगानी भएकै छैन । जसको प्रमुख कारण मध्ये कृषि सम्बन्धि एकिकृत नीतिनियमहरु साथै भएका नीतिनियमहरुको कार्यान्वयन गर्ने संरचनाहरुको विकास हुन नसक्नु हो, फलस्वरुप नीजि क्षेत्रहरु विश्वश्नीय भई संस्थागत लगानी ल्याउन खोजिरहेको देखिँदैन ।

कम्पनी रजिष्ट्रार कार्यालयको पछिल्लो तथ्याँक अनुसार नेपालमा करीव ३,२०,००० कम्पनीहरु दर्ता भएका छन्, जसमध्ये २,१८,००० भन्दा धेरै प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएका छन् भने १८२१ पब्लिक कम्पनीको रुपमा दर्ता भएका छन् । ११७९ बाह्य लगानीका कम्पनीहरु र ४,३०५ वटा नाफा वितरण नगर्ने कम्पनीको रुपमा दर्ता भएका छन । त्यस्तै ७,४६,५२८ शेयरधनिहरुको उल्लेखित कम्पनीमा शेयर लगानी रहेको छ । त्यस्तै कृषि क्षेत्रमा काम गर्ने उद्देश्य सहित ६२,४७४ कम्पनीहरु र उद्योग संचालन गर्ने उद्देश्य सहित ७१,५२० कम्पनीहरु दर्ता रहेको पाइन्छ । जम्मा कम्पनीहरु मध्ये, १,२७,३४३ अर्थात ४३.२२ प्रतिशत कम्पनीहरु एकल स्वामित्वमा रहेका छन ।  १० जना भन्दा कम

शेयरधनि रहेको कम्पनीहरु २,८७,९८३ अर्थात ९७.७४ प्रतिशत रहेका छन । १०० जना भन्दा बढि शेयरधनि भएको कम्पनी १७५ वटा र ५०० भन्दा बढि शेयरधनि रहेको कम्पनी ३ वटा मात्र देखिन्छ ।

त्यस्तै, उल्लेखित कम्पनीहरुबाट भएको पूँजी लगानीको विवरण निम्नानुसार रहेको छ । जसबाट पूँजी विस्तार र संस्थागत नीजि क्षेत्रको लगानी वृद्धि गर्नुपर्ने आवश्यकतालाई चित्रण गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| १० लाख भन्दा कम चुक्ता पूजीँ भएको कम्पनी | १,१४,५४१ | ३५.८१% |
| १० लाख देखि १ करोड सम्म चुक्ता पूँजी भएको कम्पनी | १,५५,३९५ | ४८.५९% |
| १ करोड देखि १० करोड सम्म चुक्ता पूँजी भएको कम्पनी | ४६३४२ | १४.४९% |
| १० करोड देखि १ अर्व सम्म चुक्ता पूँजी भएको कम्पनी | ३३०१ | १.०३% |
| १ अर्व भन्दा बढि चुक्ता पूजीँ भएको कम्पनी | २१९ | ०.०६८% |
| जम्मा | ३,१९,७९८ | |

### छ. गैरसरकारी क्षेत्रको अवस्था:

नेपालमा कृषि र सम्बन्धित क्षेत्रको विकासमा विभिन्न वित्तिय र गैरवित्तिय सहायता मार्फत, विभिन्न द्धिपक्षिय, बहुपक्षिय, अन्तराष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरु लामो समयदेखि सक्रिय रुपमा कार्यरत रहेका छन ।


नेपाल सरकारले द्धिपक्षिय सम्बन्ध स्थापना गरेका देशहरु अमेरीका, अष्ट्रेलिया, जापान, स्विटजरल्याण्ड, भारत, चाइना, जर्मनी, फिनल्याण्ड, कुवेत, नर्वे, दक्षिण कोरीया, साउदी अरब, नेदरल्याण्ड लगायतका देशहरुको विकास सहायतामा कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको छ । त्यस्तै, एडिबि, द वर्ल्ड बैंक, सार्क डेभलपमेन्ट फन्ड, ग्रिन क्लाइमेट फण्ड, यूरोपियन युनियन, आइफाड, संयुक्त राष्ट्रसंग अन्तरगतका खाद्य तथा कृषि संगठन, विश्व खाद्य कार्यक्रम, युएडिपि मार्फत पनि कृषि सम्बन्धि विभिन्न सहायताहरु प्राप्त भएका छन् । विभिन्न सहायतामा कृषि तथा पशुपन्छि विकास मन्त्रालयले कृषि क्षेत्र विकास कार्यक्रम, फानसेफ, ग्रामिण उद्यम परियोजना, पहाडी क्षेत्र काष्ठफल कार्यक्रम इत्यादी लगायतका वहुवर्षिय अनुदान र सहुलियत ऋणका परियोजनाहरु संचालन गरिरहेको छ ।

त्यस्तै, समाज कल्याण परिषदमा उपलब्ध तथ्यांक बमोजिम ५० हजार भन्दा धेरै राष्ट्रिय गैरसरकारी संस्थाहरु र २०० भन्दा धेरै अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कृषकहरुको क्षमता अभिवृद्धि, मूल्य श्रृंखलाको विकास, बजार अनुसन्धान लगायत सामाजिक विकासका क्षेत्रहरुमा कार्यरत रहेका छन । गैरसरकारी क्षेत्रबाट संचालन भइरहेको विभिन्न परियोजनाहरुले योजना बमोजिम परिणाममूखि हुन नसकिरहेको भन्ने गुनासोहरु भइरहेको सन्दर्भमा हाल संचालन भइरहेका परियोजनाहरुमा प्रत्यक्ष रुपमा संस्थागत नीजि क्षेत्र र स्थानिय सरकारहरुसंग सहकार्य गर्दै उत्पादन र बजारलाई जोड्न सकेमा परियोजना लाभग्राहीहरुको दिगो आयस्तरमा वृद्धि हुन सक्दछ ।

## ५. लगानी दशकमा अवको बाटो:

### (क) नीतिगत व्यवस्थापनः

हालसम्म नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीतिहरु, ऐन तथा नियमावलीहरु र त्यसको कार्यान्वयनको अवस्था हेर्दा, एकिकृति कृषि नीतिको अभाव र त्यसको कार्यान्वयन गर्ने एकिकृत संस्थाको अभाव मूख्य रुपमा देखिएको छ । कृषि क्षेत्रको समग्र विकासमा विभिन्न सरकारी, गैरसरकारी तथा नीजि क्षेत्र बीचको समन्वय मार्फत कृषि चक्रको निर्माण गर्नको लागि, कृषि तथा पशुपन्छि विकास मन्त्रालयको प्राविधिक सहयोगमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय मातहत व्यवसायिक अनुसन्धान सहितको **"एकिकृत कृषि विकास प्राधिकरण वा निकाय"** को स्थापना गरि संस्थागत नीजि क्षेत्रको लगानीलाई प्रवर्द्धन र नियमन गर्नुपर्ने देखिन्छ । जसको केहि महत्वपूर्ण कार्यहरुलाई तलको चार्टमा प्रस्तुत गरिएको छ । यस्तो एकिकृत संस्थाले समग्र कृषि मूल्य श्रृंखलाको विकासका लागि आन्तरीक तथा बाह्य लगानी आकर्षित गर्ने मूख्य विन्दुको रुपमा कार्य गर्न सक्दछ ।




त्यस्तै तत्कालिन रुपमा, भूमि बैंक, करार खेति ऐन र खाद्यवस्तुको बजार संचालन ऐन निर्माण गरि त्यसको प्रभावकारी कार्यान्वयन गर्दा संस्थागत उत्पादन देखि बजारीकरण सम्मको कार्यमा सहजिकरण भई लागनी आकर्षित हुन सक्दछ ।

### (ख) उत्पादन, उद्योग र बजार संरचनाहरुमा सम्भावित लगानीः

यो कार्यपत्रको अघिल्लो अंशमा हालको उत्पादन, उद्योग र बजार संरचनाहरुको अवस्थाको संक्षेपमा विश्लेषण भए बमोजिम देहायबमोजिम लगानीलाई प्राथमिकतामा राख्न सकिन्छ ।

| **उत्पादनमा सलगानी** | **उद्योगमा लगानी** | **बजार संरचनामा लगानी** |
|---|---|---|
| संस्थागत परामर्श सेवा | सिड, ब्रिड र फिडको उत्पादन र विकास सम्बन्धि उद्योग | तरकारी तथा फलफुलको कोल्ड चेन |
| नयाँ प्रोडक्ट विकास सम्बिन्धि अनुसन्धानमा लगानी | फलफुल प्रशोधन | खाद्यान्न, दलहल, तेलहन इत्यादीको वेयरहाउस |

| | | |
|---|---|---|
| सिंचाइको आयोजना र प्रोडक्टको विकास | तरकारी प्रशोधन | संस्थागत थोक बजार |
| संस्थागत उत्पादनका साधन वितरणका श्रृंखला | दुधको र मासुको प्रोडक्ट विविधिकरण | संस्थागत सप्लाई श्रृंखला |
| संस्थागत प्रसारकर्ताको विकास | दलहन, तेलहन, अन्नबालि इत्यादीको प्रोडक्ट विविधिकरण | मार्ट चेन |
| बीउको फिल्ड स्तरमा उत्पादन | विभिन्न जडिबुटिको प्रशोधन | निर्यात व्यवसाय |
| जैविक तथा प्राँगारीक मलको उत्पादन | मसला प्रशोधन तथा विविधिकरण | कमोडिटि एक्सचेन्ज मार्केट |
| जलवायु मैत्री प्रविधिहरुको विकास | अन्य निर्यातजन्य प्रशोधनका उद्योग | |

**(ङ) लगानी संरचनाको व्यवस्थापन:**

**(अ) संस्थागत लगानीलाई आकर्षण:** घरेलु तथा साना प्रोपाइटर फर्म तथा उद्योगहरु, प्राइभेट लिमिटेड कम्पनीहरु र पारीवारीक व्यवसायको रुपमा नीजि क्षेत्रले शताब्ती देखि कृषि व्यवसायमा लगानी गरेको भएतापनि संस्थागत रुपमा नीजि क्षेत्रको लगानी आउन सकेको देखिँदैन, जसको कारणले गर्दा कृषक र उपभोक्तालाई जोड्ने दिगो संरचनाको विकास हुन सकेको छैन । जसको दिर्घकालीन समाधानको लागि संस्थागत रुपमा नीजि क्षेत्रको विकास भई कृषक र उपभोक्ताहरुको बीचमा रहि मूल्य श्रृंखलाको विकासमा कार्य गर्नुपर्ने हुन्छ जसको नमुना तल उल्लेख गरिएको छ । यस्ता नीजि क्षेत्रहरुले कृषकहरुलाई आवश्यक उत्पादनका साधनहरुको उपलब्धता, प्रविधि प्रसार, पूँजीसंगको पहुँच विस्तार र खरीद सुनिश्चितता गर्दै कृषकहरुको दिगो आयआर्जको सुनिश्तिता गर्न सक्दछन भने उपभोक्ताहरुलाई सहज तथा सुलभ रुपमा गुणस्तरीय खाद्यान्नको उपलब्धता गराउन सक्दछन ।



**(आ) सहकारीमा आधारीत कृषि श्रोत केन्द्रको विकासः**

नेपालको भौगोलिक बनावट, जग्गाको वर्गिकरण र वितरण प्रणाली, हावापानी लगायतका अवस्थाहरुको कारण छरीएर रहेको नेपालको कृषि क्षेत्रको उत्पादन र वितरणलाई संस्थागत व्यवस्थापनको माध्यमबाट एकिृतित गरी कृषिलाई आधुनिकिकरण र व्यवसायिकरण गर्दै साना तथा मझौला कृषकहरुलाई दिगो कृषि व्यवसायमा अभिप्रेरित गर्न सहकारीमा आधारीत कृषि श्रोत केन्द्रको स्थापना गर्नुपर्दछ । जसअन्तरगत एउटै थलोबाट कृषकहरुलाई आवश्यक उत्पादनका साधान, पूँजी, प्रविधि र उत्पादित वस्तुको प्रारम्भिक प्रशोधन गरी बजारीकरण गर्ने संरचनाको विकास गर्नको लागि स्थानिय संस्थागत संरचनाको रुपमा कार्य गर्दछ, जसको नमुन तल उल्लेख गरे बमोजिम हुन जान्छ ।




(श्रोतः मुक्तिनाथ कृषि कम्पनी लि. को सहकारीमा आधारीत कृषि श्रोत केन्द्र छनोट र संचालन कार्यविधि २०८०)

त्यस्तै, सहकारीमा आधारीत खुद्रा कृषि बजार केन्द्रहरुको विकास गरि उपभोक्ताहरुलाई गुणस्तरीय खाद्य वस्तुहरुको प्रवर्द्धन गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

**(इ) साझेदारीको स्थानिय संरचनाको विकासः**

नेपालको संविधानले नै परिकल्पना गरेको तीन खम्बे अर्थनीति निर्माणको स्तम्भको रुपमा रहेको सरकार, नीजि क्षेत्र र सहकारीको सहकार्यमा ग्रामिण क्षेत्रको पालीकाहरुलाई उत्पादन र उत्पादनकत्व वृद्धि र शहरी क्षेत्रको पालिकाहरुलाई भण्डारण र गुणस्तरीय खाद्य वस्तुको वितरणमा अभिप्रेरीत गर्नुपर्दछ। जसको लागि स्थानिय पालिका अन्तरगतका वडाहरुमा नमुनाको रुपमा एक स्थानीय संरचना, एक कृषि परियोजना संचालन गर्नुपर्दछ, जसको उद्देश्यहरु निम्न बमोजिम हुन सक्दछन ।

(क) स्थानीय सम्भावनाको आधारमा परियोजनाहरु विकास गर्न,

(ख) उत्पादन क्षेत्रलाई एकीकृत गरी व्यवसायिक उत्पादन गर्न,

(ग) स्थानीय स्तरमा प्रारम्भिक प्रशोधनका कार्यहरु गरी मूल्य अभिवृद्धि गर्न,

(घ) कृषकहरुको उत्पादनको खरीद सुनिश्चित गर्न,

(ङ) सरकारी तथा गैरसरकारी लगानीको अधिकतम प्रतिफल प्राप्त गर्न,

(च) संस्थागत कृषि संरचनाहरुको विकास गर्न,

(छ) नवीनतम कृषि प्रविधिहरुको प्रसार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न,

(ज) संस्थागत बजार संरचनाहरुको विकास गरी उत्पादन र उपभोगलाई व्यवस्थित गर्न ।

(झ) जलवायु अनुकुल प्रविधिहरुको विकास र विस्तार गर्न ।




यो अवधारणा अन्तरगत विभिन्न सरोकारवाला निकायहरुको भुमिकाहरु निम्नानुसारको हुनु पर्दछ ।

**(क) सरकारी निकायः** यस अन्तरगत तीनै तहका सरकारहरुसंग सहकार्य गर्नको लागि संस्थागत कम्पनी कम्पनीहरुले सहकारीहरुसंगको सहकार्यमा आवश्यक पहल गर्नुपर्दछ ।

**(अ) स्थानिय सरकार (पालिका र वार्डहरु)**: स्थानिय रुपमा परियोजना संचालनको लागि नीतिगत सहजिकरणको साथै आर्थिक तथा सामाजिक रुपान्तरणको लागि विभिन्न किसिमका सहुलियतका कार्यक्रमहरु तय गर्नुको साथै स्थानिय सम्भावनाको आधारमा व्यवसायिक उत्पादनको लागि आवश्यक परियोजना निर्माणमा स्थानीय सरकारले भूमिका निर्वाह गर्नुपर्दछ ।

एक स्थानीय संरचना, एक कृषि परियोजना अन्तरगत स्थानिय सहकारीहरु र संस्थागत कम्पनीहरुको सहकार्यमा ग्रामिण क्षेत्रका पालिकाहरुले उत्पादन र प्रारम्भिक प्रशोधन र शहरी क्षेत्रको पालिकाहरुले वितरण र बजारीकरण सम्बन्धि निम्नबमोजिमका परियोजनाहरु नमुनाको रुपमा संचालन गर्न सकेको खण्डमा दिगो तथा पारदर्शि रुपमा कृषि मूल्य श्रृंखलाको विकास हुने वातावरणको निर्माण हुन सक्दछ ।

| **ग्रामीण क्षेत्रका पालिकाहरु** | | **सहरी क्षेत्रका पालिकाहरु** |
|---|---|---|
| उन्नत तथा हाइब्रिड बीउ उत्पादन परियोजना | नमूना कृषि गाउँ परियोजना (कृषि पर्यटन) | कृषि बजार केन्द्रको स्थापना सम्बन्धि परियोजना |
| कृषि उपज प्रशोधन परियोजना | कार्वन व्यापार सम्बन्धी परियोजना | पशुपन्छी बधशाला निर्माण परियोजना |
| प्रांगारीक मल उत्पादन परियोजना | उच्च मूल्य बालि उत्पादन परियोजना | खाद्य साक्षरता परियोजना |
| खाद्यान्न उत्पादन परियोजना | फलफुलका नर्सरी स्थापना परियोजना | बजार सूचना प्रणालीको विकास परियोजना |
| व्यवसायिक बालि उत्पादन परियोजना | जडिबुटि उत्पादन परियोजना | रैथाने खाद्यान्न प्रवर्द्धन परियोजना |
| फार्म उत्कृष्टता केन्द्र स्थापना परियोजना | प्रविधिमैत्री कृषि गाउँ परियोजना | कौसी र करेसा खेती सम्बन्धी परियोजना |
| कृषि श्रोत केन्द्र स्थापना परियोजना | प्रारम्भिक दुध प्रशोधन परियोजना | भण्डारण तथा प्रशोधन केन्द्र सम्बन्धी परियोजनाहरु |
| व्यवसायिक पशुपन्छी तथा माछापालन परियोजना | हाते कृषि सामाग्रि उत्पादन परियोजना | हरित शहर (ग्रिन सिटि) परियोजना |
| कृषि परामर्श सेवा | **अन्य सम्भावित परियोजनाहरु** | **अन्य सम्भावित परियोजनाहरु** |

**(आ) प्रदेश सरकार**: प्रदेश सरकारहरुले स्थानीय सरकारलाई परियोजना संचालनको लागि आवश्यक समन्वय, नीतिनियमको व्यवस्थापन र सहुलियतका कार्यक्रमहरु साथै स्थानिय स्तरमा भएका उत्पादनलाई खरीद सुनिश्चितता गर्न सक्ने औद्योगिक संरचनाहरुको विकासमा कार्य गर्नुपर्दछ ।

**(इ) संघिय सरकार**: वार्षिक बजेट र दिर्घकालीन रणनीतिहरुको विकास गर्दै परियोजनाको विकास र संचालन सम्बन्धि विषयहरु समावेश गर्नको लागि संघिय सरकार र मातहतका निकायहरुले भुमिका निर्वाह गर्नुपर्नेछ । त्यस्तै, वैदशिक सहायताहरुको परिचालनमा भुमिका निर्वाह गर्दै कृषिजन्य उपजहरुको निर्यातको लागि आवश्यक वातावरण निर्माण गर्नुपर्दछ ।

**(ख) सुचिकृत/संस्थागत कम्पनीहरु**: परियोजनाको विकास, छनोट, प्रविधि प्रसार, संचालन, व्यवस्थापन तथा बजारीकरणमा कार्य गर्ने ।

**(ग) सहकारीहरु**: सुचिकृत कम्पनीहरुको प्रमुख साझेदारको रुपमा यी संस्थाहरुले कार्य गर्नु पर्दछ, जसअन्तरगत कृषकहरुको अभिमुखिकरण, उत्पादन, संकलन, प्रारम्भिक प्रशोधन र बजारीकरणका कार्यहरु गर्दै प्रत्यक्ष रुपमा कृषक, उपभोक्ता र स्थानीय सरकारहरुसंग सहकार्य गर्दछन् ।


**(घ) बैंक तथा वित्तीय संस्थाहरु**: परियोजनाको लागि आवश्यक वित्तीय श्रोतहरुको व्यवस्थापनको लागि बैंक तथा वित्तिय संस्थाहरुको भुमिका हुनु पर्नेछ ।

**(ङ) बीमा कम्पनीहरु:** परियोजना र परियोजनासंग सम्बन्धित लाभग्राही कृषक, उपभोक्ता र सम्बन्धित संस्थाहरुको निर्जीवन तथा जीवन बीमाको लागि सहकार्य गर्नुपर्नेछ ।

**(च) अन्य कम्पनी तथा उद्योगहरु**: अन्य उद्योग तथा कम्पनीहरुसंग प्रविधि प्रसार, उत्पादित उपजको प्रशोधन, वितरण, बजारीकरण लगायतका कार्यहरुमा सहकार्य हुनेछ ।

**(छ) विकास साझेदार तथा गैरसरकारी संस्थाहरु:** विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसंगको सहकार्यमा अभिमुखिकरण, तालिम, क्षमता अभिवृद्धि, प्रविधि प्रसार तथा सहुलियतका विषयहरुमा सहकार्य गर्नुपर्नेछ । विकास साझेदार र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत अन्तराष्ट्रिय सहयोगको साथै लगानीकर्ताहरुलाई भित्राउने तथा निर्यात प्रवर्द्धन गर्नमा पनि पुलको रुपमा कार्य गर्न सक्दछन ।

**६. निष्कर्ष:** लगानी दशकलाई सफलतापूर्वक कार्यान्वयन गर्नको लागि आवश्यक नीतिगत सुधार गर्दै तीनै तहका सरकार र मातहतमा निकाय, नीजि क्षेत्र, कृषि तथा बहुउद्देश्यिय सहकारीहरु, गैरसरकारी संस्थाहरु समेतको साझेदारीमा कृषि चक्रको निर्माण गरि उत्पादन, उद्योग र बजारीकरणमा लगानी अभिवृद्धि गर्नुपर्दछ । साथै, नेपाल सरकार कृषि तथा पशुपन्छि विकास मन्त्रालयले, नीजि क्षेत्रको सहभागितामा देहायबमोजिमको उत्पादन, उद्योग र बजार संरचनाहरुको विकासको लागि आवश्यक लागत इष्टिमेट तयार गर्ने र त्यसमा सरकारी, नीजि र गैरसरकारी क्षेत्रको सम्भावित लगानीको वर्गिकरण र वार्षिक प्राथमिकताहरु निर्धारण आ.व. २०८१/०८२ भित्र गर्दै साझेदारी मार्फत बाँकि ९ वर्षमा बढि भन्दा बढि आन्तरीक र बाह्य लगानीलाई आकर्षित गर्नु पर्दछ ।



**सन्दर्भ सामाग्री:**

१. https://moald.gov.np/publication-types/agriculture-statistics/

२. http://molcpa.gov.np/department/page/615

३. https://www.deoc.gov.np/noticedetail/131/2023/18447412

४. https://ocr.gov.np/page/4_61f75e27940f6

५.https://npc.gov.np/images/category/240607021743सोह्रौं%20योजना.pdf

६.https://doind.gov.np/uploads/notices/Notices-20240107171617414.pdf

७. https://doind.gov.np/uploads/notices/Notices-20240522170805227.pdf

९. https://www.nrb.org.np/category/monthly-statistics/?department=bfr

१०. https://www.mof.gov.np/uploads/document/file/1667454524_Donor%20Profile.pdf

११. मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको "एक स्थानिय संरचना एक कृषि परियोजना कार्यविधि २०८०"

१२. कृषि तथा पशुपन्छि मन्त्रालय, बाग्मती प्रदेश सरकारको "एक वडा, एक उत्पादन कार्यविधि २०८०"

१३. मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको "सहकारीमा आधारीत कृषि श्रोत केन्द्रको छनोट र संचालन कार्यविधि २०८०"।

१४. मुक्तिनाथ कृषि कम्पनी लि. को "कृषि बजार संचालन तथा व्यवस्थापन कार्यविधि २०८१"

१५. मुक्तिनाथ कृषि कम्पनी लि. को "खरीद सुनिश्चितता कार्यविधि २०७९"